**अनुसूची-२**

**(दफा १२ (क) निर्देशन नं ४ (क) सँग सम्बन्धित)**

.............................................. **गुम्बाको**

## विधान २०७८

## परिच्छेद – १

### प्रस्तावनाः

स्थानीय बासिन्दाहरु तथा गुम्बा/विहारसँग प्रत्यक्ष सरोकार राख्ने बौद्ध अनुयायीहरुलाई गुम्बा/विहारको महत्व र आवश्यकताको पहिचान गरी शान्तिका महानायक गौतम बुद्धले प्रतिपादन गर्नु भएको दर्शन, अहिंसा, शान्तिको संदेश र सो को विकास, संरक्षण, प्रचार प्रसारका माध्यमबाट त्यस क्षेत्रमा रहेका आम बौद्ध मार्गीहरुलाई भूमिका निर्वाह गर्न सजिलो हुने उद्देश्यले बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) पहिलो संशोधन आदेश २०७५ को दफा १२(क) र बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा संचालन निर्देशिका, २०७१ को नं.४ (क) बमोजिम सम्बन्धित समुदायले गुम्बा व्यवस्थापन समिति गठन गरी संचालन गर्न यो विधान तयार गरि लागु गरिएको छ।

**१.१. संक्षिप्त नाम र प्रारम्भ** :

क. यस गुम्बा (गोन्पा)/विहारको नाम **श्री** ..................................... **गुम्बा**" रहने छ।

ख. यस गुम्बा/विहार रहने ठेगाना ३ नम्बर .प्रदेश रामेछाप .जिल्ला उमाकुण्ड गाउँपालिका वडा नं १ .र सोही स्थानमा यस गुम्बाको कार्यालय रहने छ। आवश्कता अनुसार बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिबाट पुर्व अनुमति लिई यस गुम्बाको शाखा खोल्न सकिने छ।

ग. यो गुम्बा (गोन्पा)/ विहार अविछिन्न उत्तराधिकारी सहितको स्व शासित संस्था हुनेछ। यो विधानको दफा ७.१० बमोजिम संस्कृति, सम्पदामा परिणत भएको अवस्थामा बाहेक यो गुम्बाको अस्तित्व कायम हुनेछ।

घ. संघीय संरचना अनुसार व्यवस्था भएको प्रदेश र स्थानीय तहमा समेत गुम्बा (गोन्पा)/विहार दर्ता गर्न सकिनेछ।

ङ. यो विधान बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

च. यो गुम्बा गैर राजनीतिक मुनाफा रहित लोक कल्याणकारी संस्था हुनेछ।

**१.२. परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क. "गुम्बा" भन्नाले यस विधान बमोजिम दर्ता भएको गुम्बा सम्झनु पर्दछ। र सो शब्दले बिहार, बहाल, बहिल र छ्योर्तेनलाई समेत जनाउँनेछ।

ख. "विधान" भन्नाले **श्री** ................................. **गुम्बा** विधानलाई जनाउँदछ।

ग. "नियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको नियमलाई सम्झनुपर्दछ।

घ. "कार्य समिति" भन्नाले गुम्बा व्यवस्थापन समितिलाई जनाउँदछ।

ङ. "पदाधिकारी" भन्नाले यो विधानको दफा ४.५ मा उल्लेखित पदाधिकारीलाई सम्झनु पर्दछ।

च. "बौद्ध अनुयायी" भन्नाले त्रिरत्न बुद्ध, धर्म र संघको शरणमा गएर शील लिएको व्यक्तिहरूलाई सम्झनु पर्छ।

छ. "प्रमुख लामा" भन्नाले परिच्छेद १ को दफा १.२ को "ठ" अनुसारको औतारी लामालाई जनाउँदछ। औतारी लामा नभएको गुम्बाहरुमा गुम्बाले आफ्नो परम्परा अन्तर्गत गर्ने गुम्बाको पूजापाठ, शिक्षा दिक्षा र बार्षिक पात्रोमा उल्लेख भएको महत्वपूर्ण कार्यक्रमहरु संचालन गर्न नियुक्ति गरिएको मुख्य गुरुलाई जनाउँदछ।

ज. "तोकिए बमोजिम" भन्नाले यो विधान र यस अन्तर्गत बनेको नियमहरुमा तोकिएको कुरालाई जनाउँदछ।

झ. "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा तथा विशेष साधारण सभालाई समेत जनाउँदछ।

ञ. "स्थानीय तह" भन्नाले गा.पा.,नगरपालिका, उप–महानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ।

ट. "स्थानीय अधिकारी" भन्नाले जि.स.स. र प्रमुख जिल्ला अधिकारी समेतलाई सम्झनुपर्दछ।

ठ. "औतारी लामा" भन्नाले महायान बौद्ध धर्म अनुसार साधना गरेको गुरुको पुनरजन्म भई सम्बन्धित गुम्बाले व्यवस्था गरेको विधि र प्रकृया अनुसार पहिचान गरी सम्बन्धित गुम्बाले प्रमाणित गरेको व्यक्तिलाई जनाउँदछ। यसरी

व्यवस्था गरिएको औतारी लामा यस गुम्बाको सर्वश्रेष्ठ गुरु हुनु हुनेछ । औतारी लामा छान्ने विधि र प्रकृया असंशोधनीय हुनेछ ।

ङ. "सम्बन्धित निकाय वा समिति" भन्नाले बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिलाई जनाउँदछ ।

**१.३.गुम्बा, विहार, बहाल, बहिल, छ्योर्तेनको लोगो र छाप** :

यस " गुम्बा/विहारको आफ्नै छाप र लोगो हुनेछ । उक्त छाप र लोगो अनुसुचि १ अनुसारको हुनेछ ।

**१.४. गुम्बा (गोन्पा)/विहारको अस्तित्व :**

क. यी गुम्बा/विहार एक अविछिन्न उतराधिकारवाला, संगठित, स्वशासित, बौद्ध शिक्षा प्रदान गर्ने, अभ्यास गर्ने गैर-सरकारी परोपकारी सामाजिक गुम्बा (गोन्पा)/विहार हुनेछ । गुम्बा (गोन्पा)/विहारले आफ्नो नाममा चल अचल सम्पत्ति खरिद, विक्री गर्न सक्नेछ ।

ख. यो गुम्बा/विहार मुनाफा रहित गुम्बा/विहार हुनेछ । यो गुम्बा/विहारले आर्जन गरेको मुनाफा गुम्बा/विहारको सदस्यहरुले बाँडी लिन पाउँने छैनन् । काम गरे वापत पारिश्रमिक, भत्ता र यातायात खर्च लिन सकिनेछ ।

ग. "गुम्बा" को नाम राख्दा बौद्ध धर्म पराम्परा अनुसार राख्नु पर्नेछ र देवनागरिकमा पनि राख्नु पर्ने छ ।

घ. नेपाल सरकारको अन्य निकायहरुमा दर्ता भई संचालनमा रहेका गुम्बा/विहारहरु यस विधान अनुरुप दर्ता गरि संचालन गर्नु पर्नेछ ।

## परिच्छेद – २

**२.१. गुम्बा/विहारको उद्देश्य :**

देशको प्रचलित कानूनको अधीनमा रही कार्य गर्ने गरी निम्न उद्देश्यहरु रहनेछन् ।

क. बौद्ध धर्म, परम्परा र संस्कृतिको संरक्षण, प्रवर्द्धन, बुद्धका उपदेश, दर्शन, कला, साहित्य र परम्परालाई प्रचार प्रसार गर्न गोष्ठी, सम्मेलन, प्रवचन लगायत अन्य धार्मिक कार्यक्रमहरु संचालन गर्ने गराउने ।

ख. गुम्बासँग सरोकारित स्थानीय वासिन्दाहरुको जीवनस्तर अभिवृद्धिका लागि सीपमूलक विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गर्ने र गुम्बा, विहारहरुलाई स्वावलम्बी बनाउन सघाउपुऱ्याउने,

ग. आधारभूत तह भन्दा माथिको गुम्बा शिक्षा संचालन गरेका गुम्बाहरुले नेपाल सरकारले शैक्षिक संस्थाहरुको लागि तोकेको जग्गा जमिन खरिद गरि वा लिजमा लिई तोकेको पूर्वाधार र सुविधाहरु मापदण्ड बमोजिम तयार गरि विद्यालय संचालन गर्ने ।

घ. गुम्बालाई धार्मिक महत्व दर्शाई पर्यटकीय स्थलको रुपमा विकास गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

ङ. गुम्बाहरुमा पठन पाठन र पूजापाठको लागि उपयोगी पाठ्यपुस्तकहरुको प्रकाशन गर्ने। विभिन्न बौद्ध ग्रन्थ, शिलालेख र ताम्रापत्रहरु आवश्यकता अनुसार विभिन्न भाषामा लेखि अनुवाद गरि प्रचार प्रसार गर्ने ।

च. भगवान बुद्धसँग सम्बन्धित बुद्ध जयन्ती लगायत आ-आफ्नो परम्पराको गुरुहरूको सम्झनामा विभिन्न प्रकारका धार्मिक कार्यक्रमहरू आयोजना गर्ने ।

छ. शान्तिका महानायक भगवान गौतम बुद्धबाट प्रतिपादित सिद्धान्त र ज्ञानहरु फैलाई विश्वमा शान्ति स्थापनाको लागि भूमिका निर्वाह गर्ने ।

ज. बौद्ध परम्परा अनुसारको ध्यान र आध्यात्मिक अभ्यास केन्द्र स्थापना गरी संचालन गर्ने । बौद्ध धर्मको विकासको लागि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गुम्बा र संघ संस्थाहरुसँग सम्बन्ध स्थापना गरि सहकार्य गर्ने ।

झ. बौद्ध तीर्थस्थल, गुम्बा, विहारका बारेमा जानकारी मुलक सामाग्री तयार गरि प्रचार प्रसार गर्ने ।

**२.२. गुम्बा/विहारको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

**"श्री .............................. गुम्बा गोन्पाका" नामक गुम्बा/विहारको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।**

क. गुम्बा/विहारले आफूलाई आवश्यक पर्ने जग्गा, जमिन र भवन खरिद बिक्री गर्न, भवन निर्माण गर्न वा भाडामा लिन सक्नेछ । घर, जग्गा लगायत अचल सम्पति विक्री गर्न साधारण सभाको तीन चौथाई बहुमतले पारित गर्नु पर्नेछ ।

ख. कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स, फोटोकपी, स्क्यानिङ जस्ता आवश्यक कार्यालय समान तथा सवारी साधन खरिद गर्न सक्नेछ । आवश्यकता नभएको सवारी साधन विक्री गर्न सक्नेछ ।

ग. गुम्बा/विहारको साधारण सभाले दैनिक कार्य संचालनको लागि आवश्यक पर्ने दक्ष अर्धदक्ष तथा सहयोगी स्तरका कर्मचारीहरु नियुक्ति गर्न तथा तिनीहरुको पारिश्रमिक र सेवाका शर्तहरु निर्धारण गर्ने,

घ. विभिन्न स्रोत साधनबाट गुम्बामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ,

ङ. गुम्बा (गोन्पा)मा धर्म अभ्यास गर्न आउने भक्तजनहरूको सुबिधाको लागि धर्मशाला, पुस्तकालय, चमेनागृह, धार्मिक र दैनिक आवश्यकसामाग्री राखि सेवा दिने ।

च. अन्य समान उद्देश्य भएका गुम्बा वा बौद्ध धर्मसँग सम्बन्धित संस्थाहरुसंग सहकार्य गर्ने ।

छ. दाताहरुबाट प्रदान गरिने अचल सम्पति घर, जग्गालाई दान पत्र, शेष पछिको बकसपत्रको माध्यमद्धारा स्वीकार गर्न सकिनेछ ।

ज. गुम्बा/विहारले व्यक्ति सरह मुद्धा, मामिला गर्न सक्नेछ ।

झ. यो विधान बमोजिम खरिद बिक्री र अनुदानको लागि करछुट लिदाँ सम्बन्धित निकायको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद – ३

### ३.१. सदस्यता र सदस्यको प्रकार :

क. सदस्यता शुल्क सदस्यता प्रदान गर्ने विधिः **"श्री ................................ गुम्बा"** नामक गुम्बाको सदस्य समुदायको सबै पुरुष वा महिलाहरुले यस गुम्बा/विहारको विधान पालना गर्न मञ्जुरी गरी विधानमा उल्लेखित नियम र परम्परा अनुसार शुल्क बुझाई यस गुम्बा/विहारको सदस्य बन्न सक्नेछ ।

ख. यस **"श्री .................................. गुम्बा"** गुम्बा/विहारको सदस्य ७ प्रकारको हुनेछ ।

१. संस्थापक सदस्य २. साधारण सदस्य ३. आजीवन सदस्य
४. मानार्थ सदस्य ५. संरक्षक सदस्य ६. नाबालक सदस्य ७. विशिष्ट सदस्य

१. **संस्थापक सदस्य** भन्नाले यस **"श्री ................................ गुम्बा"** नामक गुम्बा/विहाराको विधान दर्ता हुँदाको बखत गठित तदर्थ समितिको सदस्यहरुलाई जनाउँदछ ।

२. **साधारण सदस्य** भन्नाले यस विधानको दफा ३.४ बमोजिम योग्यता भएको र गुम्बाको न्यूनतम शुल्क रु. ........./- तिरी साधारण सदस्यता लिई सदस्यता ग्रहण गर्न सकिनेछ ।

३. **आजीवन सदस्य** भन्नाले यो गुम्बालाई उल्लेखनीय योगदान पु¥याई आर्थिक सहयोग स्वरुप न्यूनतम रु. .........../- वा सो भन्दा बढी रकम सहयोग प्रदान गर्नेलाई यस समितिको आजीवन सदस्यता प्रदान गरिनेछ ।

४. **मानार्थ सदस्य** भन्नाले गुम्बाको विकास सम्बन्धी काम कारवाहीमा उल्लेखनीय योगदान पु¥याउने, उपयुक्त ठहर गरिएका समाजका विशिष्ट समाजसेवी, बौद्ध विद्वान् तथा प्रतिष्ठित व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ । तर यस्तो सदस्यले मतदानमा भाग लिन पाउने छैन ।

५. **संरक्षक सदस्य** भन्नाले यस गुम्बाको हित, विकास एवं समृद्धिको लागि निरन्तर रुपमा निस्वार्थ भावनाले लागिरहने तथा गुम्बाको संरक्षकको भूमिका निर्वाह गर्ने व्यक्तिलाई बुझिन्छ ।

६. **"नावालक सदस्य"** भन्नाले गुम्बा (गोन्पा)/विहारमा अध्ययनरत १८ वर्ष भन्दा कम उमेरको बिद्यार्थीहरूलाई जनाउदछ । यस्ता सदस्यहरूलाई मतदानको अधिकार हुने छैन ।

७. **“विशिष्ट सदस्य”** भन्नाले बौद्ध धर्मको परम्परा अनुसार आ-आफ्नो गुम्बा (गोन्पा)/विहारको परम्परालाई निरन्तरता दिन विशेष योगदान भएको योग्य गुरुलाई जनाउँदछ । यस्ता सदस्यहरूलाई मतदानको अधिकार हुने छैन ।

**३.२. संरक्षकको काम, कर्तव्य र अधिकार :**

क. गुम्बा/विहारको हक, हित तथा सम्बर्द्धनको लागि गुम्बाको कार्य समितिलाई आवश्यक नीति, निर्देशन, नियन्त्रण एवम् रेखदेख गर्ने । गुम्बाको उद्देश्य अनुसारको कार्यक्रमहरु संचालन गर्न आर्थिक श्रोत जुटाउने ।

ख. **संरक्षकको पदावधि :**

कार्य समितिको सिफाशिस मा साधारण सभाले नियुक्ति गरिएको संरक्षकको पदावधि साधारण सभाले निर्णय गरे अनुसार हुनेछ ।

**३.३. सदस्यता नवीकरण :**

यस गुम्बा/विहारको कार्यसमिति तथा साधारण सदस्य सहित सम्पूर्ण सदस्यले प्रत्येक वर्ष नियमित रुपले आर्थिक वर्षको तीन महिनाभित्र सदस्यता नवीकरण गनुपर्नेछ । तर आजिवन सदस्य र प्रर्वज्या लिएका सदस्यहरुका लागि छुट हुनेछ ।

**३.४. साधारण/आजिवन/संरक्षक सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस गुम्बा/विहारको सदस्यको लागि देहायका बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

क. १८ वर्ष पूरा भएको नेपाली नागरिक ।

ख. मानसिक सन्तुलन नगुमाएको ।

ग. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

घ. नैतिक पतनदेखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

ङ. त्रिरत्नको शरणमा गई शिल लिएको हुनु पर्नेछ ।

**३.५. गुम्बा/विहारको साधारण/आजिवन र संरक्षक सदस्यता प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :**

देहायका अवस्थामा कुनै पनि व्यक्तिले गुम्बाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

क. गैह्र नेपाली नागरिक,

ख. मगज विग्रेको वा बौलाएको,

ग. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ,

घ. नैतिक पतनदेखिने फौजदारी र भ्रष्टाचारी अभियोगमा सजाय पाएको ।

ङ. सम्बन्धित गुम्बाको व्यवसायमा निजी स्वार्थ भएको,

च. साहूको दामासाही परेको,

छ. त्रिरत्नको शरणमा गई शिल नलिएको हुनु पर्नेछ ।

**३.६. सदस्यताको समाप्ति :** देहायको अवस्थामा कुनै पनि व्यक्ति गुम्बा/विहारमा बहाल रहने छैन ।

क. यो विधानको दफा ३.४ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ,

ख. साधारण सभाको ६६.६७ % सदस्यहरुको बहुमतले गुम्बाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

ग. विधानमा आँच आउने काम गरेमा वा गर्न नहुने काम गरेमा,

घ. गुम्बा/विहार विघटन भई खारेज भएमा वा गुम्बाको काम कार्यवाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

ङ. मृत्यु भएमा

च. लिखित राजीनामा दिई स्वीकृत भएमा,

**३.७. सदस्यता प्रदान गर्ने विधि :**

क. यस गुम्बा/विहारको **साधारण/आजिवन र संरक्षक** सदस्यता प्राप्त गर्न चाहने इच्छुक व्यक्तिहरुबाट शुल्क रु. ...........।- लिई दरखास्त दिनुपर्नेछ ।

ख. सदस्यत लिन चाहने व्यक्तिले बुझाएको दरखास्त दफा ३.४ बमोजिम योग्यता पुगेमा कार्यसमितिले विधानमा तोकिए बमोजिमको सदस्यता शुल्क लिई सदस्यता प्रदान गर्नेछ,

ग. मानार्थ, नावालक र विशिष्ट सदस्यहरुको हकमा फौजदारी अभियोग नलागेको हुनुपर्नेछ । गैर नेपालीको हकमा नेपालको कानुन विपरित काम नगरेको व्यक्ति हुनु पर्नेछ ।

**३.८. सफाईको मौका :**

यस विधान बमोजिम समितिले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई गुम्बा/विहारको सदस्यमा नियुक्ति हुनु वा वहाल रहन अयोग्य ठहराउँनुभन्दा अघि समितिले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनेछ ।

## परिच्छेद – ४

**४.१. साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था**

**४.१.१. साधारण सभाको गठन :** यस विधानको दफा ३.१ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ/नावालक र विशिष्ट बाहेक अन्य सदस्यहरु साधारण सभामा आमन्त्रित हुनेछन् ।साधारण सभा गुम्बा/विहारको सर्वोच्च अङ्ग हुनेछ । गुम्बा/विहारको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क. प्रथम साधारण सभा : गुम्बाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ, यो गुम्बा दर्ता भएको छ महिनाभित्र प्रथम साधारण सभा गरिनेछ ।

ख. विषेश साधारण सभा : गुम्बाको दुई तिहाई (२/३) सदस्यले सही गरी सभा बोलाउन माग गरेमा १५ दिन भित्रमा विषेश सधारण सभा बोलाउन सकिनेछ । यसका लागि कम्तिमा ७ दिन अगाबै सभा हुने ठाउँ, मिति र छलफल हुने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ

**४.२. गणपुरक संख्या :**

कुल सदस्य संख्याको २/३ सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कार्यवाही हुने छैन । तर पुनः दोश्रो पटक बोलाइएको साधारण सभामा कुल संख्याको ५१% तथा तेस्रो पटक बोलाइएको साधारण सभामा पनि गणपुरक संख्या नपुग भएमा त्यसैलाई गणपुरक संख्या पुगेको मानी साधारण सभा सम्पन्न गरिने छ । तर सदस्यहरुलाई साधारण सभामा बोलाईने सूचना, पत्रहरु, स्थानीय सञ्चारमाध्यममा प्रवाह गरेका सूचना, प्रमाण दुरुस्त राख्नु पर्नेछ ।

**४.३. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

क. गुम्बाको पदाधिकारीहरु एवं सदस्यहरुको निर्वाचन गर्ने, अध्यक्षको राजीनामा स्वीकृति गर्ने, हटाउने, निलम्बन गर्ने ।

ख. गुम्बाको वार्षिक वजेट पेश गर्ने ।

ग. वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**४.४. साधारण सभाको कार्यविधि :**

क. साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछन्, निजको अनुपस्थिति भएमा प्रथम उपाध्यक्ष वा निज पनि अनुपस्थित भएमा साधारण सदस्यको बहुमतद्वारा एक जना सदस्यले गर्नेछ ।

ख. साधारण सभामा छलफल गर्ने विषयहरु प्रस्तावको विषयमा छलफल गरिनेछ, प्रस्ताव उपर छलफल हुँदा सबैको एकमत भएमा प्रस्ताव पारित भएको मानिनेछ । तर विशेष प्रस्ताव उपर छलफल हुँदा २/३ सदस्यहरुको उपस्थिति भई उपस्थित सदस्यहरुको बहुमतबाट प्रस्ताव पारित गरिनेछ ।

**४.५. कार्य समिति** :

कार्य समितिको गठन साधारण सभाको सहमति वा निर्वाचनद्वारा गरिनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि कम्तिमा निम्न बमोजिम अध्यक्ष तथा सदस्यहरु रहेको कार्य समिति रहनेछ ।

१. अध्यक्षः ..................................१
२. प्रथम उपाध्यक्षः .......................१
३. द्धितिय उपाध्यक्षः......................१
४. महासचिवः..............................१
५. सचिवः ..................................१
६. कोषाध्यक्षः ..............................१
७. सदस्यहरु : .............................५

माथि उल्लेखित पदाधिकारीहरु वा सदस्यहरुको सट्टामा सम्बन्धित समुदायको परम्परा अनुसार निम्न पदहरु पनि राख्न सकिनेछ । त्यसो गर्दा माथि उल्लेखित पदको कोष्ठ ( ) मा उल्लेखित पद लेख्नु पर्नेछ ।

१) रिन्पोछे, दोर्जे लोपेन, दोर्जे ग्याल्छप, खेनरिन्पोछे/खेन्पो/टुल्कु/लोपेन/आचार्य र ३ वर्ष ३ महिना साधना(लो सुम दा सुम) अभ्यास गरेका गुरुहरुः

२) गेर्को - अनुशासन विभाग प्रमुख

३) उमजे - अध्यात्मिक कार्यक्रम संयोजक

४) छयङजो - व्यवस्थापक

५) डुङछेन- महासचिव

६) डुङयीक- सचिव

७) डुलङेर - कोषाध्यक्ष

८) शेयोन गेन्जीन - शिक्षा निर्देशक

९) ग्यन्जीन ल्हेन्छोक छोकमी - कार्य समिति सदस्यपदहरू ३

**४.६.** दफा ४.५ बमोजिम निर्वाचित/मनोनित कार्य समितिको पदावधि ५ वर्षको हुनेछ ।

**४.७. कार्य समितिको काम, कर्तव्य र अधिकार :**

क) साधारण सभाबाट पारित निर्देशनको पालना गर्ने ।

ख) यस विधानको उद्देश्य अनुरुप वार्षिक कार्यक्रम बनाई कार्यन्वय गर्ने र गराउने ।

ग) आगामी कार्यक्रमको लागि बजेट बनाई सधारण सभामा पेश गर्ने तथा आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्ने ।

घ) नियमावली बनाउने र संशोधनका लागि पेश गर्ने ।

ङ) कार्य समितिको बैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१% सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

च) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

छ) प्रमुख लामासँग छलफल गरि प्रमुख लामाको काम, कर्तव्य र अधिकार थपघट गर्ने ।

**४.८. प्रमुख लामा नियुक्ति** :

क. औतारी वा प्रमुख लामा नभएका गुम्बाहरुको अवस्थामा संचालक समितिले धर्म अभ्यास (छाम) गरी बसेका गुरुहरुलाई गुम्बाको उद्देश्य र प्रमुख लामाको काम, कर्तव्य उल्लेख गरि प्रमुख लामा हुन अनुरोध गर्न सकिन्छ ।

ख. संचालक समितिले खेन्पो, गेशे र लोपेन परम्परा अध्यापन गरी रहेका गुम्बाहरुमा गुम्बाको उद्देश्य र जिम्मेवारी सहित उल्लेख गरि निश्चित समयको लागि प्रमुख लामा पठाउन सिफारिश गर्न सकिनेछ ।

ग. प्रमुख लामाले गुम्बाको उद्देश्य अनुरुपको विकास, समुदायको हितमा महत्वपूर्ण भूमिका निर्वाह गरि गुम्बाले उहाँको आवश्यकता महशुश गरेमा कार्य समितिको सिफारिशमा साधारण सभाले पारित गरि विशेष जिम्मेवारी प्रदान गर्न सकिनेछ ।

घ. गुम्बाको कार्यक्रम बनाउन, निर्माण गर्न, शिक्षा दिक्षा र अभिषेक (वाङ), आगम (लुङ) र व्याख्यान (ठि) आदि व्यवस्था गर्दा प्रमुख लामालाई सल्लाहकार र व्यवस्थापनको भूमिका दिनु पर्नेछ ।

ङ. प्रमुख लामाले आवश्यकता ठानेमा उप प्रमुख लामा नियुक्ति गरि जिम्मेवारी दिन सकिनेछ ।

**४.९. प्रमुख लामाको योग्यता :**

संचालक समितिले नयाँ प्रमुख लामा नियुक्ति गर्दा निम्न योग्यताको आधारमा गर्नु पर्नेछ ।

क. प्रमुख लामा हुन न्युनतम प्रारम्भिक (ङोन्डो) अभ्यास गरेको हुनु पर्नेछ ।

ख. सम्बन्धित गुम्बाको विधानमा उल्लेखित दैनिक वा वार्षिक पात्रोमा उल्लेख गरिएको कार्यक्रमहरु संचालन गर्न सक्षम गुरु हुनुपर्नेछ ।

ग. न्वारन, मृत्यु र अन्य पूजापाठको संस्कारमा गरिने आवश्यक योग्यताको अभ्यास भएको हुनु पर्नेछ ।

घ. एक जना प्रमुख लामाले एक भन्दा बढि गुम्बामा प्रमुख लामाको पद ग्रहण गर्न पाउँने छैन तर दफा ७.१९ को हकमा यो नियम लागु हुने छैन ।

ङ. एक भन्दा बढि गुम्बामा प्रमुख लामाको पद ग्रहण गर्नु परेमा विशिष्ट सदस्यको पद ग्रहण गरि अन्य गुम्बालाई आवश्यक सहयोग गर्न सकिनेछ ।

च. बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले समय समयमा प्रमुख लामाको योग्यताको लागि संचालन गरिने कार्यक्रमहरुमा सहभागी भएको हुनु पर्नेछ

## परिच्छेद – ५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**५.१. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख) निर्णायक मत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

**५.२.** प्रथम **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्यहरु गर्ने ।

**५.३.** द्वितिय **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क. कार्य समितिले तोकेको जिम्मेवारी बहन गर्ने र अध्यक्षलाई सहयोग गर्ने ।

**५.४. महासचिवको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**५.५. सचिवको काम, कर्तव्य र अधिकार :**

क) महासचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ख) महासचिवलाई आवश्यक सहयोग गर्ने ।

ग) कार्यसमितिले तोकेको जिम्मेवारी बहन गर्ने ।

**५.६ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमितरुपमा वार्षिक लेखापरीक्षण गराउने ।

**५.७. सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) कार्य समितिले तोकेको जिम्मेवारी बहन गर्ने ।

**५.८. औतारी/प्रमुख लामाको काम, कर्तव्य र अधिकार :**

क. परम्परागत रुपमा गुम्बामा संचालन हुने दैनिक वा चाडपर्वहरुमा गर्ने पूजापाठको निर्धारण गरी पूजापाठ, अभ्यास गर्ने र प्रशिक्षण दिने ।

ख. कार्यसमितिमा छलफल गरि बौद्ध धर्म, संस्कृति, परम्पराको संरक्षण तथा संबर्द्धन गर्न बुद्ध जयन्ती, त्रिपिटिका पाठ र अन्य कार्यक्रमहरुको वार्षिक पात्रो तयार गरि संचालन गर्ने ।

ग. परम्परालाई निरन्तरता दिन कार्यसमितिको सिफारिशमा साधारण सभाको अनुमोदनले समुदायमा आवश्यक अभिषेक (वाङ), आगम (लुङ) र व्यख्यान (ठि) प्रदान गर्ने गुरुको व्यवस्था गर्नेछ ।

घ. गुम्बाको भौतिक पूर्वाधार निर्माणमा बौद्ध कला र संस्कृति झल्काउने र आवश्यक पूजापाठको सामाग्री खरिद गर्न कार्य समितिमा सल्लाहकारको भूमिका निर्वाह गर्ने ।

ङ. बौद्ध धर्मको परम्परा अनुसार समुदायमा पर्ने जन्म-न्वारन, मृत्यु-फोवा लगायत अन्य पूजापाठ गर्ने वा व्यवस्था गर्ने ।

च. गुम्बाको उद्देश्य अनुरुपको कार्य गर्न कार्यक्रम बनाई कार्य समितिमा छलफल गर्ने ।

छ. विशेष अधिकार प्राप्त औतारी/प्रमुख लामाले गुम्बाको उद्देश्य अनुरुपको कार्यक्रम संचालन र व्यवस्थापनमा आर्थिक श्रोत जुटाउन सहयोग गर्ने ।

ज. नव प्रवेश गरेको विद्यार्थीहरुलाई आवश्यक प्रवज्या, शिल दिने वा आवश्यक शिल दिने गुरुको व्यवस्था गर्ने ।

**५.९. विशिष्ट सदस्यको काम, कर्तव्य र अधिकार :**

क. बौद्ध धर्मको प्रणाली अनुरुप गुम्बा (गोन्पा)/विहारको परम्परालाई निरन्तरता दिन अभिषेक (वाङ), आगम (लुङ) र व्यख्यान (ठि) दिने, रेखदेख संरक्षण र आर्थिक श्रोत जुटाउन सहयोग गर्ने र विशिष्ट गुरुको भूमिका निर्वाह गर्ने ।

ख.गुम्बा (गोन्पा)/विहारले व्यवस्था गरेको विधि प्रकृया अनुसार औतारी छनौटमा मुख्य भूमिका राख्ने ।

ग. साधारण सभाले पारित गरी अर्को व्यवस्था नभए सम्मको लागि प्रमुख लामाको बैधानिक उत्तराधिकारी नियुक्ति गरि संरक्षणको जिम्मेवारी दिन सकिनेछ ।

## परिच्छेद – ६
## आर्थिक व्यवस्था

**६.१. गुम्बाको कोष :**

गुम्बाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकम रहनेछ ।

क. सदस्यता शुल्क वापत प्राप्त रकम ।

ख. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोगबाट प्राप्त रकम ।

ग. प्रचलित ऐन, नियम अनुसार विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्था एवं सहयोगी दाताहरुबाट प्राप्त हुने रकम ।

घ. गुम्बाले विधानमा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न गरिने कामहरुबाट प्राप्त रकम ।

ङ. गुम्बाले अक्षयकोष स्थापना गरे वापत प्राप्त हुने व्याज रकम ।

च. गुम्बाको औतारी/प्रमुख गुरु, विशिष्ट सदस्य, संरक्षक, नावालक र मानार्थ सदस्यहरुले चढाएको जिन्सी, नगद, दान रकम ।

छ. दान रकम, दानपत्र तथा शेषपछिको बकसपत्रद्धारा प्राप्त चल, अचल सम्पत्ति ।

ज. गुम्बा/विहारले चल, अचल सम्पत्ति वा अन्य बस्तुको बिक्रीबाट प्राप्त रकम ।

**६.२. अक्षयकोषको व्यवस्थाः**

क. गुम्बाले आफ्नो उद्देश्य पुरा गर्न छुट्टै अक्षयकोष खडा गरी सोबाट प्राप्त हुने व्याजबाट गुम्बाको कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

ख. कुनै पनि ईच्छुक दाता, संघ, संस्था वा सरकारी निकायसंग सम्झौता गरि सम्झौता अनुसारको रकम खाता खोली अक्षयकोषमा रहने छ ।

ग. अक्षयकोषमा जम्मा भएको रकम कुनै पनि कार्यको लागि प्रयोग गरिने छैन । दोश्रो पक्षसँग गरेको सम्झौता अनुसार व्यवस्था गरिनेछ ।

घ. अक्षयकोषको रकमबाट प्राप्त हुने व्याज रकम जम्मा हुनको लागि एक छुट्टै खाता रहने छ । उक्त खाताको संचालन विधानको दफा६.३ बमोजिम हुनेछ ।

ङ. माथि जुन सुकै कुरा उल्लेख भएको भएता पनि अक्षयकोषको रकमबाट प्राप्त व्याज गुम्बाको दिगो विकास र आत्मनिर्भरताको लागि व्यवस्थापन समितिको निर्णय बमोजिम प्रयोग हुनेछ ।

**६.३. खाता संचालन :**

**क.** गुम्बाको अध्यक्ष, कोषाध्यक्ष र महसचिवको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

ख. खाता सञ्चालनमा कोषाध्यक्षको अनिवार्य हस्ताक्षर सहित अन्य दुईमध्ये एकको हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ ।

ग. अक्षयकोषको व्यवस्थाको हकमा सम्झौता अनुसार कार्यान्वयन गर्ने ।

**६.४. विमाको व्यवस्था**

क.गुम्बा/विहारमा आश्रीत लामा/आनी/विद्यार्थी/कर्मचारी तथा सवारी साधन, भवन जस्ता संरचनाहरुको आवश्यकता अनुसार विमा नीति बमोजिम विमा गरी भावी जोखिमबाट सुरक्षित रहनु गुम्बाको दायित्व रहने छ ।

**६.५. कोषको सुरक्षा :**

कोषाध्यक्षको जिम्मामा कार्यसमितिले तोकेको रकम कोषमा रहनेछ ।

**६.६. खर्च :**

क. आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र स्वीकृत प्राप्त लेखा परीक्षणबाट वार्षिक लेखापरीक्षण गराइनेछ ।

ख. गुम्बाको हिसाब किताब सम्पूर्ण चल, अचल सम्पत्तिको दुरुस्त राखिनेछ ।

**६.७. गुम्बाको वही खाता एवं दर्ता किताब :**

क. गुम्बाको आफनो काम, कारोवार संचालन गर्न देहाय बमोजिम वही खाता एवं दर्ता किताब राख्नेछ ।

ख. समय समयमा आवश्यक परेमा अन्य वही खाता समेत राख्न सकिनेछ ।

**६.८. गुम्बाको लेखा र लेखापरीक्षण :**

क. हरेक वर्षे गुम्बामा भएको आम्दानी खर्च तथा चल-अचल मौज्दात समेतको लेखा परीक्षण नेपाल सरकारको मान्यता प्राप्त लेखापरीक्षकबाट गराइनेछ ।

ख. नेपाल सरकार, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति वा स्थानीय तहले चाहेमा जुनसुकै बखत पनि गुम्बाको हिसाब किताव जाँच गर्न, गराउँन सक्नेछ ।

ग. लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

**६.९. सम्बन्धित गुम्बाले प्रदेश सरकार वा स्थानीय सरकारसंग स्वीकृति प्राप्त गरि आफ्नो छुट्टै आर्थिक कार्यविधि तयार गरि लागु गर्न सक्नेछ ।**

## परिच्छेद – ७

**७. निर्वाचन :**

यस गुम्बाको निर्वाचन साधारण सभाले तोके बमोजिम प्रजातान्त्रिक परिपाटी अनुसार सम्पन्न गरिनेछ । गुम्बा दर्ता भएको ६ महिना भित्रमा पहिलो निर्वाचन गराई सो को जानकारी बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति वा समिति सम्बद्धता कार्यालयमा पठाइनेछ । निर्वाचन गर्नका लागि तत्काल कायम रहेको कार्य समितिले एक निर्वाचन समितिको गठन गर्नेछ ।

**७.१. निर्वाचन सम्बन्धी व्यवस्था :**

क. सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय व्यक्ति वा अन्य गुम्बाको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा गुम्बाको सदस्यहरु मध्येबाट दुई जनासमेत प्रतिनिधि रहने गरी निर्वाचन समिति गठन गरिनेछ ।

ख. गुम्बाको विधानको अधीनमा रही कार्य समितिको निर्वाचन गर्न संचालक समितिले ३ वा ४ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।

ग. निर्वाचन सम्बन्धी कार्य तत्काल प्रचलित ऐन कानूनमा तोकिएको तरिका बमोजिम गठित समितिले गर्नेछ ।

घ. गुम्बाको नियमानुसार साधारण/आजिवन र संरक्षक सदस्यता लिएको हुनपर्ने छ ।

**७.२. उम्मेद्वार हुने योग्यता :**

क. नेपाली नागरिक हुनुपर्ने ।

ख. असल आचरण भएको ।

ग. कुनै फौजदारी अभियोग नलागेको ।

**७.३. अविश्वासको प्रस्ताव :**

क.नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्नेछ ।

ख.प्रस्तावको विषय स्पष्ट व्यावहारिक हुनुपर्नेछ ।

ग.साधारण सभामा सदस्यहरु मध्येबाट १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्नेछ ।

**७.४. अविश्वासको प्रस्ताव माथि निर्णय**

क.साधारण सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर वा

ख.अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने समूह छुट्याएर ।

**७.५. विधान संशोधन :**

समय अनुरुप साधारण सभाका तीन चौथाई सदस्यहरुले अनुमोदन गरे पश्चात् समितिको विधान संशोधन गर्न सकिनेछ । सो को अनुमोदन बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिबाट गराउँनु पर्नेछ ।

गुम्बाले आफ्नो कार्य व्यवस्थित रुपमा सम्पादन गर्न नियम बनाउन सक्नेछ ।

**७.६. नियम बनाउन सक्ने :**

गुम्बाले आफ्नो कार्य व्यवस्थित सम्पादन गर्न नियम बनाउन सक्नेछ ।

**७.७. सल्लाहकार समिति :**

कार्य समितिले यस गुम्बाको हित र परिपूर्तिको निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान दिन सक्ने महिला वा पुरुष दुवैलाई आवश्यकता अनुसार सल्लाहकार समितिमा मनोनित गर्न सक्नेछ ।

**७.८. तदर्थ समिति :**

गुम्बास्थापना गरी दर्ता गराउनको लागि गठित कार्य समितिले तदर्थ कार्य समितिको रुपमा काम गर्नेछ । सो अवधिमा तदर्थ समितिले गरेको कामहरु यसै विधान अनुसार कार्य समितिबाट भए सरह मानिनेछ ।

**७.९. गुम्बाको विघठन :**

गुम्बा (गोन्पा)/विहारको संचालक समिति विघठन हुने अवस्था आएमा साधारण सभाको ३/४ सदस्यको बहुमतको बैठकले पास गरि बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिलाई  सिफारिस गर्नु पर्ने छ । समितिले छानविन गरी निर्णय गर्नेछ ।

**७.१०. गुम्बा (गोन्पा)/विहारको निरन्तरताः**

दफा ७.९ बमोजिम गुम्बा (गोन्पा)/विहारको संचालक समिति विघटन भएको अवस्थामा गुम्बा (गोन्पा)/विहारको जायजेथाले थामे सम्म बौद्ध दर्शन प्रर्वद्धन तथा गुम्बा विकास समितिको रोहवरमा सञ्चालन हुनेछ । अन्यथा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति अन्तर्गत संस्कृति सम्पदाको रुपमा स्थापित गरिने छ । संस्कृति सम्पदा स्थापना गर्ने सम्बन्धि छुट्टै विनियमावली बनाई बौद दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको स्वीकृति लिई लागु गरिनेछ ।

**७.११. व्याख्या :**

गुम्बाको विधान व्याख्या गर्ने अधिकार सम्बन्धित गुम्बाको कार्य समितिलाई हुनेछ ।

**७.१२. गोप्यता भङ्ग गर्न नहुने :**

यस गुम्बाका कुनै पनि पदाधिकारी वा सदस्यले गुम्बाको  अहित हुने गोप्यता भङ्ग गर्ने कार्य गर्न हुँदैन ।

**७.१३. विवाद सुम्पने :**

गुम्बामा कुनै कारणवश भवितव्य कुनै विवाद उत्पन्न भएमा सो विवाद समाधान गर्न कार्यसमितिले विवाद हेर्ने कमिटी गठन गर्न सक्नेछ तर प्रमुख लामा र विशिष्ट सदस्यलाई कुनै विवादको विषय बनाईने छैन ।

**७.१४. निर्देशनको पालना :**

नेपाल सरकारबाट जारी नीति निर्देशनको पालना गर्नु सम्पूर्ण पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

**७.१५. कर्मचारीको व्याख्या :**

गुम्बाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता, तथा अन्य सुविधा र कर्मचारी सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि साधारण सभाले तोकिए बमोजिम हुनेछ ।

**७.१६. अधिकार प्रत्योजन गर्न सक्ने :**

गुम्बाको विधानको अधीनमा रही कार्य समितिका पदाधिकारीहरुले आफूमा निहित काम, कर्तव्य र अधिकार कार्य समितिको निर्णयले गुम्बाको अन्य पदाधिकारी, सदस्य वा कर्मचारीमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ

**७.१७. पदाधिकारीहरुको बचाऊ :**

गुम्बाको भलाईका लागि असल नियतले निश्वार्थ रुपले गरिएको कुनै काम कार्यवाहीको फलस्वरुप समितिका पदाधिकारीहरु तथा सदस्यहरु दोषी भागी हुने छैनन् ।

**७.१८.** यस विधानमा नसमेटिएका कुराहरु बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको (गठन) पहिलो संशोधन आदेश, २०७५ तथा नियम र निर्देशिका बमोजिम हुनेछ ।

**७.१९.** विनियम बनाउन सक्ने:

सम्बन्धित गुम्बाले आवश्कता अनुसार विनियमहरु बनाई दफा १.१ (ख) बमोजिम लागु गर्न सक्ने छ ।

**७.२०. विविध :**

हामी तपशिलका संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीहरुको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| **क्र.सं.** | **कार्य समितिहरुको नामावली** | **पद** | **ठेगाना** | **हस्ताक्षर** | **फोटो** |
|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | |
| २. | | उपाध्यक्ष | | | |
| ३. | | महा-सचिव | | | |
| ४. | | सचिव | | | |
| ५. | | कोषाध्यक्ष | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | | सदस्य | | | |
| ७. | | सदस्य | | | |
| ८. | | सदस्य | | | |
| ९. | | सदस्य | | | |

| **क्र.सं.** | **साक्षीहरुको नामावली** | **ठेगाना** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**७.२१. खारेजी र बचाउः**

यस अघि कायम भएको निर्देशिका ४(क) बमोजिमको यसै अनुसूची अन्तर्गत रहेको विधान नमुना खारेज गरिएको छ। उक्त खारेज गरिएको नमुना विधान बमोजिम दर्ता भएका गुम्बा (गोन्पा)/विहार यसै नमुना विधान बमोजिम दर्ता भएको मानिनेछ र सो बमोजिम भएका कामहरु यसै नमुना विधान बमोजिम भए गरेको मानिनेछ।

**द्रष्टव्य:** यो विधानको मूल संरचना र भावनामा परिवर्तन नहुने गरि गुम्बा (गोन्पा)/विहारले स्थानीय आवश्यकता अनुसार केही सामान्य फेरबदल गर्न सक्नेछ ।

**अनुसूची - १**
**छापको लोगो**